नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, बैतडी ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार गृह मन्त्रालयबाट सम्पादन गरिने कार्यहरु तोकिएका छन् । यी कार्यहरुलाई सम्पादन गर्नका लागि मन्त्रालय, विभाग र कार्यालयगत संरचना निर्माण गरिएको छ । नेपालभरका ७७ जिल्लामा जिल्ला प्रशासन कार्यालय रहेका छन् । जसमध्ये जिल्ला प्रशासन कार्यालय, बैतडी पनि एक रहेको छ । भारतसँग सीमाना जोडिएको यस जिल्लाले अन्य जिल्लाजस्तै शान्ति, सुरक्षा र अपराध नियन्त्रणको कार्य गर्दछ । त्यसैगरी सुशासन कायम् गर्दै सेवा प्रवाहमा सरलता, सहजता प्रदान गरी व्यवहारिक र नीतिगत अनुपोषणका लागि पहल गर्दछ । सामाजिक सुधारमा पहल गर्दछ र रुपान्तरणमा पनि काम गर्दछ । विपद व्यवस्थापन, विकास निर्माणमा समन्वय र सहजीकरण अनि सदाचार र आर्थिक अनुशासन कायम गर्न पनि आफ्नो भूमिका निर्वाह गर्दै आएको छ ।

गृह प्रशासन सुधार कार्ययोजना, २०७४ माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यूबाट सुरक्षा गोष्ठिमा दिनुभएको समसामयिक निर्देशन तथा संरचनागत सुधारका विभिन्न समयमा भएका नीतिगत सुधार अनि प्रयासका साथै, प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयको समन्वय र निर्देशनका आधारमा सन्चालन गर्ने गरी यस जिल्लाको प्रशासन सुधार कार्ययोजना तय गरिएको छ । राष्ट्रिय एकता र जनसेवाका लागि गृह प्रशासन विकास र समृद्धिको लागि शान्ति, सुरक्षा र सुशासनलाई मूलआधार मान्दै **प्रत्येक महिना एक नयाँ काम (Inovative work) गर्ने** उद्देश्यका साथ जिल्ला प्रशासन कार्यालय अगाडि बढेको छ । यो सुधार कार्ययोजना कार्यान्वयनका लागि सम्पर्क सन्जाल सरकार र शासनको सन्जाल (Networking governance/ Governance Networking) को अवधारणा मार्फत् अघि बढिनेछ ।

## जिल्ला प्रशासन सुधार कार्ययोजना, २०७६, बैतडी ।

| क्र सं | सुधारका क्षेत्र | | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | कार्यान्वयन का लागि अनुगमन सूचक | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| क | जिल्लामा सुरक्षा व्यवस्थाको प्रभावकारीता बढाउने | | | | | | | | |
| १. | शान्ति सुरक्षाको व्यवस्था | १.१ | शान्ति सुव्यवस्था कायम गर्ने | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी वल, ५१ नं. गुल्म | नियमित | नागरिकमा शान्ति र सुरक्षाप्रति भरोसा भएको हुने | अपराधमा नियन्त्रण भएको हुनेछ । | |
| | | १.२ | सीमा सुरक्षाको लागि नियमित गस्ती पेट्रोलिङ गरिने | नेपाली सेना, सशस्त्र प्रहरी बल, गुल्म नं ५१ | जिल्ला प्रशासन कार्यालय | नियमित | सीमामा अतिक्रमण भएको हुने छैन | अभिलेख | |
| | | १.३ | Crime map सहितको एकिकृत रणनीतिक सुरक्षा योजना अद्यावधिक गरिने | जिल्ला प्रशासन कार्यालय | नेपाली सेना जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी वल, गुल्म नं ५१, रा. अ. जि. का. | साउन महिना भित्र | अपराध नियन्त्रण भएको हुने | घटनाको अभिलेख | |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बैतडी

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १.४ | एकीकृत रणनीतिक सुरक्षाको क्षेत्रगत कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | जिल्ला प्रशासन कार्यालय | नेपाली सेना, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, गुल्म नं ५१, रा.अ. जिल्ला कार्यालय | साउन महिना भित्र | शान्ति सुरक्षा बहाली भरपर्दो भएको हुने | क्षेत्रगत योजना | |
| | | १.५ | शान्ति सुरक्षाको बैठकमा स्पष्ट एजेण्डा राख्ने | जिल्ला प्रशासन कार्यालय | जिल्ला सुरक्षा समितिका सदस्यहरु | नियमित | समसामयिक विषयमा छरितो समाधान हुने | अभिलेख | |
| | | १.६ | जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी चौकी र प्रहरी चौकीको निरीक्षण तथा आवश्यकता अनुसार जिल्ला सुरक्षा समितिले स्तरोन्नतिको लागि सिफारिस गर्ने | जिल्ला प्रशासन कार्यालय | जिल्ला सुरक्षा समितिका सदस्यहरु | आवश्यकता अनुसार | जिल्लाको शान्ति सुरक्षामा सुधार भएको हुने | अभिलेख, दस्तावेज | |
| | | १.७ | अन्तर जिल्ला समन्वय बैठक बस्ने | सिमा जोडिएका जिल्ला प्रशासन कार्यालयहरु | सिमा जोडिएका जिल्ला प्रशासन कार्यालयहरु | कम्तिमा बर्षको ३ पटक | शान्ति सुरक्षा र विकास निर्माणमा सहयोग भएको हुने | अभिलेख | |
| | | १.८ | सीमा अपराधबारे जनचेतनामूलक कार्यक्रम गरिने | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, ५१ नं. गुल्म | मंसिर, चैत्र | सीमा अपराध घटेको हुने | अभिलेख | |
| | | १.९ | राजमार्ग सुरक्षालाई भरपर्दो बनाउने | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, गुल्म नं ५१, | भाद्र, पौष र जेठ | राजमार्ग सुचारु हुने | बैठकका निर्णयहरु | |
| | | १.१० | राजमार्गमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारबाहीको कार्यविधि, २०७५ को बुँदा नं. ७ बमोजिम समितिको बैठक संचालन गर्ने | जिल्ला प्रशासन कार्यालय | नेपाली सेना, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, ५१ नं. गुल्म, रा.अ. जि.का., स्थानीय तह, सडक डिभिजन कार्यालय, ट्राफिक प्रहरी कार्यालय | भाद्र, पौष र जेठ | राजमार्ग निर्वाधरुपमा संचालन भएको हुने | | |
| | | १.११ | अपराध नियन्त्रणका विषयमा छलफल | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी | सबै स्थानीय तहमा | अपराध नियन्त्रण गर्नका लागि | बैठकका निर्णयहरु | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गर्ने | | बल, गुल्म नं ५१, स्थानीय तह, नागरिक समाज | एक कार्यक्रम | सक्षम हुने | | |
| ख. | **सार्वजनिक प्रशासन सेवा प्रवाहमा सुधार र सुशासन** | | | | | | | | |
| २. | सार्वजनिक प्रशासन सेवा प्रवाहमा सुधार | २.१ | प्रत्येक महिनाको ५ गते कार्यालय प्रमुखहरुको बैठक बस्ने | जिल्ला प्रशासन कार्यालय | जिल्लास्थित सबै सार्वजनिक सरकारी कार्यालयहरु | नियमित | व्यवहारिक समस्याको समाधान हुनेछ | कार्यालयको अभिलेख, बैठकको निर्णयहरु, | |
| | | २.२ | सूचना अधिकारीलाई तालिम दिने | जिल्ला प्रशासन कार्यालय | सबै स्थानीय तह र जिल्लास्थित सबै सरकारी कार्यालयहरु | यस आ.व. मा बर्षको कम्तिमा ३ पटक | भ्रष्टाचार घटेको हुने र पारदर्शिता बढ्न जाने | अभिलेख | |
| | | २.३ | सबै गा.पा. र न.पा.का पदाधिकारी/कर्मचारीलाई नागरिकता तथा अन्य सिफारिस सम्बन्धी अभिमुखीकरणतालिम उपलब्ध गराउने | जिल्ला प्रशासन कार्यालय | सबै स्थानीय तह | यस आ.व. मा बर्षको कम्तिमा ३ पटक | नागरिकताको गुणस्तरमा बृद्धि भएको हुने | नागरिकताको कार्ड बिग्रने संख्यामा कमी आउनेछ र त्रुटिमा कमी आउनेछ | |
| | | २.४ | एकिकृत घुम्ती सेवा शिविरको सन्चालन गरिने | जिल्ला प्रशासन कार्यालय | जिल्लास्थित सरकारी कार्यालयहरु, जिल्लास्थित राजनीतिक दलहरु, नागरिक समाज र पत्रकार महासंघ | बर्षको कम्तिमा ४ पटक | सेवा घर दैलोमा पुगेको हुनेछ | अभिलेख/निर्णयहरु | |
| | सुशासन | २.५ | जिल्ला अनुगमन तथा मूल्यांकन समितिको बैठक संचालन र कार्यालय अनुगमन | जिल्ला प्रशासन कार्यालय | समितिका सदस्यहरु | बर्षको तीन पटक | सरकारी निकायहरुबाट हुने सेवा प्रवाह प्रभावकारी भएको हुने | अभिलेख र प्रतिवेदन | |
| | | २.५ | ठाडो उजुरी /अ.दु.अ.आ., रा.स.के., गृह मन्त्रालयबाट प्राप्त उजुरीको प्रारम्भिक छानविन तोकिएको समयभित्र सम्पन्न गरिने | जिल्ला प्रशासन कार्यालय | दरबन्दी बमोजिमका कर्मचारीहरु, सम्बन्धित कार्यालय/निकाय | नियमित | कानुनले तोकेको अवधिभित्र कार्यालयमा दर्ता भएका मुद्दाहरुको फैसला भएको हुनेछ | कार्यालयको अभिलेख | |
| | | २.६ | नागरिक समाज, | जिल्ला | नागरिक समाज, | आवश्यक | उत्तरदायी | कार्यालयको | |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बैतडी

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | उद्योग वाणिज्य संघ, पत्रकार महासंघसँग सहकार्य गरिने | प्रशासन कार्यालय | उद्योग वाणिज्य संघ, पत्रकार महासंघ | ता अनुसार | प्रशासन भएको हुने | अभिलेख/ निर्णयहरु | |
| | यातायात सेवा व्यवस्थापन | २.७ | राजमार्गमा यातायातको निर्बाध सन्चालन गर्ने | जिल्ला प्रशासन कार्यालय | नेपाल प्रहरी, ट्राफिक प्रहरी, यातायात व्यवसायिक समिति | नियमित | यात्रुहरुको आवगमनमा सहजीकरण हुने | प्रतिवेदन | |
| | कारागार व्यवस्थापन | २.८ | अनुगमन गरिने | जिल्ला प्रशासन कार्यालय | कारागार कार्यालय | कम्तिमा छ महिनाको एकपटक | कैदी र बन्दीको समस्याको पहिचान हुने | प्रतिवेदन | |
| | | २.९ | कैदी बन्दीको लागि स्वीकार्य मनोरन्जनका साधनहरु उपलब्ध हुन पहल गर्ने, योग दिवस मनाउने | जिल्ला प्रशासन कार्यालय | कारागार कार्यालय | आवश्यकतानुसार | कैदी र बन्दीको आचरणमा सुधार हुनेछ, कैदी बन्दी घट्नेछन् | अभिलेख, प्रतिवेदन | |
| | मानव वेचविखन, लैंगिक हिंसा लगायतका अपराध नियन्त्रण | २.१० | मानव वेचविखन, लैंगिक हिंसामा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिइ कानूनी कारवाही गर्ने | जिल्ला प्रशासन कार्यालय | नेपाल प्रहरी, जिल्ला सरकारी वकिलको कार्यालय | नियमित | अपराधिक व्यक्तिहरु निरुत्साहित हुनेछन् | अभिलेखमा अपराध घटेको हुनेछ | |
| | छुवाछुत र जातीय विभेदको न्यूनीकरण | २.११ | छुवाछुत र जातीय विभेदको अन्त्य सम्बन्धि कार्ययोजना बमोजिम काम गर्ने | जिल्ला प्रशासन कार्यालय | नेपाल प्रहरी, दलित तथा मानवाधिकार कर्मी, नागरिक समाज, जिल्ला सरकारी वकिलको कार्यालय | चौमासिक समीक्षा हुने | दलितप्रतिको सम्मानभाव बढेको हुनेछ । | घटना दर्ताको सख्यामा कमी भएको हुनेछ | |
| | केही सार्वजनिक अपराधका मुद्दाको फैसला | २.१२ | कमसेकम ६ महिना अधिका मुद्दाको किनारा लगाइनेछ | जिल्ला प्रशासन कार्यालय | नेपाल प्रहरी, सरकारी वकिलको कार्यालय | अर्धवार्षिक समीक्षा हुने | अपराधीले सजाय पाएको हुनेछ । | मुद्दाको संख्यामा कमी हुनेछ | |
| | तथ्याङ्क | २.१३ | भौतिक स्रोत साधनको प्रोफाइल बनाउने | जिल्ला प्रशासन कार्यालय | गृह मन्त्रालय अर्न्तगतका निकायहरु | नियमित | सरकारी सम्पत्तिको संरक्षण भएको हुनेछ | अभिलेख | |
| **ग. सूचना प्रविधिमा आधारित जिल्ला प्रशासन** | | | | | | | | | |
| | सूचना | ३.१ | हेलो बैतडीको पोर्टल सन्चालनमा रहने | जिल्ला प्रशासन कार्यालय | | कार्यालयको मासिक बैठकमा छलफल | अनुपोषण लिइने | अभिलेखमा रहने | |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बैतडी

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गरिने | | | |
| | प्रविधि | ३.२ | प्रतिवेदन प्रणाली प्रविधिमा आधारित हुने | जिल्ला प्रशासन कार्यालय | | मासिक बैठकमा छलफल गरिने | अनुपोषण लिइने | अभिलेखमा रहने, प्रतिवेदन | |
| | प्रकाशन | ३.३ | ई-बुलेटिन, कार्यालयको वेव पेज, विपद व्यवस्थापन योजना लगायत | जिल्ला प्रशासन कार्यालय | | निरन्तर, अर्धबार्षिक र बार्षिक | अनुपोषण लिइने | अभिलेखमा रहने | |
| | | ३.४ | सूचना अधिकारीको विवरण अद्यावधिक गर्ने | जिल्ला प्रशासन कार्यालय | जिल्ला हुलाक कार्यालय | ३ महिनामा एक पटक | अनुपोषण लिइने | अभिलेखमा रहने | |
| **घ. जनशक्ति व्यवस्थापन** | | | | | | | | | |
| | तालिम | ४.१ | नागरिकता सम्वन्धि तालिम | जिल्ला प्रशासन कार्यालय | स्थानीय तहहरु | चौमासिक गरिने | अनुपोषण लिइने | अभिलेखमा रहने | |
| | कार्य जिम्मेवारी मा परिवर्तन | ४.२ | शाखा परिवर्तन | जिल्ला प्रशासन कार्यालय | | ६ महिनामा | अनुपोषण लिइने | अभिलेखमा रहने | |
| | | ४.३ | गुनासो व्यवस्थापन सहितको Staff Meeting | जिल्ला प्रशासन कार्यालय | | प्रत्येक महिना | गुनासो सुनुवाई हुने | कर्मचारीको मनोबल उच्च भएको हुने | |
| **ङ. प्रभावकारी विपद जोखिम न्यूनीकरण तथा क्षमता अभिवृद्धि** | | | | | | | | | |
| | | ५.१ | फूड बैंकको स्थापना गरिने | जिल्ला प्रशासन कार्यालय | उद्योग वाणिज्य संघ | बैशाख महिनाभित्र | विपदमा परेकाहरुको लागि ३ दिने खाद्यान्न उपलब्ध हुने | अभिलेख सहित वेवपेजमा रहने | |
| | | ५.२ | जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउने र अद्यावधिक गरिने | जिल्ला प्रशासन कार्यालय | उद्योग वाणिज्य संघ, रेडक्रस सोसाइटी, नेपाल पत्रकार महासंघ, स्थानीय तहहरु, जिल्ला वन कार्यालय | जेठ महिनाभित्र अद्यावधिक गरिनेछ । | विपद सम्वन्धमा एकीकृत प्रयास हुने | वेव पेज | |
| | | ५.३ | विपद सम्वन्धि | जिल्ला रेडक्रस | जिल्ला प्रशासन | फागुन मसान्तभि | विपद सम्वन्धमा तयारी हुने | निर्णयको अभिलेख | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सिमुलेसन गरिने | सोसाइटी | कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी वल, ५१ नं. गुल्म, अन्य गैरसरकारी संस्थाहरु | त्र | | | |
| | | ५.४ | मनसुन आपतकालिन कार्ययोजना निर्माण गरिने | जिल्ला प्रशासन कार्यालय | जिल्ला विपद व्यवस्थापन समितिका सबै सदस्यहरु | जेठ भित्र | कार्ययोजना तयारी भएको हुने | वेभ पेज | |
| **च.अनुशासन र सदाचारिता प्रवर्द्धन** | | | | | | | | | |
| | नागरिक समाजसँग सहकार्य गरिने | ६.१ | सूचनाको हक प्रचलनमा ल्याउने | जिल्ला प्रशासन कार्यालय | नेपाल पत्रकार महासंघ, नागरिक समाज, सबै कार्यालयका सुचना अधिकारीहरु | नियमित | कार्यालयको बारेमा नियमित जानकारी हुने | समय समयमा प्रकाशन गरिने कार्यलयको वेभपेज | |
| | | ६.२ | भ्रष्टाचार विरोधी होर्डिङ बोर्डको निर्माण | जिल्ला प्रशासन कार्यालय | नागरिक समाज | कम्तिमा दुइवटा | सदाचारिता प्रवर्द्धन भएको हुने | भौतिक सामग्रीको उपस्थिति | |
| | | ६.३ | सार्वजनिक सुनुवाइमा सहभागिता गरिने | जिल्ला प्रशासन कार्यालय | नागरिक समाज, नेपाल पत्रकार महासंघ, निर्वाचित प्रतिनिधि, सार्वजनिक कार्यालय | असार मसान्त भत्र | जवाफदेहितामा बृद्धि | अभिलेख | |
| | | ६.४ | लागु औषध नियन्त्रण योजना बनाउने | जिल्ला प्रशासन कार्यालय | नागरिक समाज जिल्ला प्रहरी कार्यालय, न.पा. र गा.पा.हरु गैरसरकारी संस्थाहरु | असोजभित्र | लागु पदार्थ सेवनमा कमी आएको हुने | कार्यालयको वेबपेज र प्रहरी कार्यालयको अभिलेख | |
| | | ६.४ | बेरुजु फछ्यौट गरी बेरुजु शुन्य बनाउने | जिल्ला प्रशासन कार्यालय | | निरन्तर | बेरुजु अन्त्य भएको हुनेछ | अभिलेख, प्रतिवेदन | |
| **छ.विविध** | | | | | | | | | |
| | | ७.१ | वनजन्य पैदावार र वन्यजन्तुको ओसारप्रसारमा नियन्त्रण गरिने | जिल्ला वन डिभिजन कार्यालय | जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी ५१ नं. गुल्म, उद्योग वाणिज्य संघ | आवश्यकता अनुसार | वनजन्य पैदावार र वन्यजन्तुको ओसारप्रसारमा नियन्त्रण भएको हुने | वन कार्यालयको अभिलेख | |
| | | ७.२ | सडकमा निर्माण | जिल्ला | जिल्ला प्रहरी | नियमित | पैदलयात्री र | पटके | |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बैतडी

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सामग्री राख्न नदिने | प्रशासन कार्यालय | कार्यालय | | गाडी आवतजावतका लागि सहज हुने | अभिलेख | |
| | | ७.३ | बजार अनुगमन क्लष्टरमा गरिने | जिल्ला प्रशासन कार्यालय | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, स्थानीय तह, नेपाल प्रहरी, पत्रकार महासंघ, नागरिक समाज | प्रत्येक २ महिनामा | बजार अनुगमन कार्ययोजना निर्माण गरी कार्यान्वयन भएको हुने, कालाबजारी र महङ्गी नियन्त्रण भई वस्तुको सहज उपलब्धता हुने | कार्यालयको अभिलेख | |
| | | ७.४ | संघ संस्थाको वर्गीकरण गरिने | जिल्ला प्रशासन कार्यालय | | निरन्तर | सबै संस्थाहरुको वर्गिकृत विवरण सहितको प्रोफाइल तयार भएको हुने | प्रोफइल, अभिलेख | |
| | | ७.५ | गै.स.स.को अनुगमन | जिल्ला समन्वय समिति | जिल्ला प्रशासन कार्यालय र पत्रकार महासंघ | माघ/ फागुन | पारदर्शिता बढ्ने | कार्यालयको अभिलेख | |
| | | ७.६ | विकासका क्रियाकलापमा समन्वय र सहजीकरण | जिल्ला प्रशासन कार्यालय | निर्माण व्यवसायी संघ, जिल्ला समन्वय समिति, सम्बन्धित पूर्वाधारसंग सम्बन्धित कार्यालयहरु | नियमित | ठेकेदारले समयको पालना गर्नेछन | कार्यालय प्रमुखको बैठक | |
| | | ७.७ | द्वन्द्व व्यवस्थापन सँग सम्बन्धित कार्यलाई द्रुत सेवा प्रदान गरिने | जिल्ला प्रशासन कार्यालय | | आवश्यकतानुसार | विवरण अद्यावधिक गरी राहत तोकिएको समयमा नै वितरण भएको हुनेछ | अभिलेख | |
| | | ७.८ | जिन्सी निरीक्षण तथा लिलाम व्यवस्थापन गरिने | जिल्ला प्रशासन कार्यालय | | श्रावण महिना भित्र/ वैशाख महिना भित्र | जिन्सी निरीक्षण भई असोज महिनाभित्र लिलाम व्यवस्थापन भइसकेको हुने | अभिलेख | |
| | | ७.९ | अपराध नियन्त्रणमा समुदाय प्रहरी सँग सहकार्य गरिने | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय, स्थानीय तह | | अपराध नियन्त्रणमा सामुदायिक प्रहरीको भूमिकामा बृद्धि भएको हुने | अभिलेख | |
| | | ७.९ | अन्य कार्यालयको गुनासो व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | सम्बन्धित निकाय | निरन्तर | गुनासो प्राप्त भएको पन्ध्र दिनभित्र | अभिलेख | |



प्रमुख जिल्ला अधिकारी

उपरोक्त कार्ययोजनामा उल्लेखित जिम्मेवार निकाय र सहयोगी निकायका बीच संविधानले परिकल्पना गरेबमोजिम सहयोगात्मक र समन्वयात्मक सम्बन्ध हुनु जरुरी छ । एक्लै कहीं पुगिदैन भन्ने मान्यताका आधारमा सार्वजनिक, अर्धसरकारी, गैरसरकारी निकायका बीच अन्तरसम्बन्ध स्थापित हुन सकेमा र प्राप्त ज्ञान, सीपको प्रयोग हुन सकेमा उल्लेखित कार्ययोजना पूरा गर्न सकिन्छ । यसका लागि सबैको प्रतिवद्धता जरुरी छ । धन्यवाद ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बैतडी

प्रमुख जिल्ला अधिकारी